मरिण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

प.सं.: २०८०/०८१

# गाउँपालिकाको पालिका गान तयार गर्ने सम्बन्धी सूचना

*सूचना प्रकाशित मिति: २०८०/११/०६*

मरिण गाउँ कार्यपालिकाको मिति २०८०।१०।२५ गतेको निर्णयानुसार मरिण गाउँपालिकाको ऐतिहासिकता, भौगोलिक अवस्थिति, प्राकृतिक सम्पदा, पर्यटकीय क्षेत्र, सामाजिक तथा साँस्कृतिक विविधता, पुरातात्विक महत्व एवं विशिष्टता झल्कने गरी सर्वोत्कृष्ट पालिका गान तयार पार्ने र प्रयोगमा ल्याउने प्रयोजनार्थ देहायको शर्तहरुको अधीनमा रहि ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन भित्र पालिका गान तयार गरी E-Copy को खामबन्दी पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. पालिकाको ऐतिहासिकता, भौगोलिक अवस्थिति, प्राकृतिक सम्पदा, पर्यटकीय क्षेत्र, सामाजिक तथा साँस्कृतिक विविधता, पुरातात्विक महत्व एवं विशिष्टता झल्कने गरी पालिका गान तयार गर्नुपर्नेछ ।

२. पालिका गानमा मरिण गाउँपालिकाको नाम अनिवार्य समावेश हुनुपर्नेछ ।

३. पालिका गानमा कम्तीमा ४५ (पैंतालिस) शब्द र बढीमा ५५ (पचपन्न) शब्द समावेश भएको हुनुपर्नेछ ।

४. पालिका गानमा प्रयोग भएका शब्दहरूको संक्षिप्त व्याख्या गर्नुपर्नेछ । कुनै पनि जातीय विभेद, साम्प्रदायिकता, सार्वभौमिकता, राष्ट्रिय एकता र अखण्डतामा आँच आउने संकेत प्रयोग गर्न पाईने छैन।

५. पेश भएको पालिका गानको सन्दर्भमा मूल्याङ्कन समितिबाट आवश्यक परिमार्जनका लागि सुझाव प्राप्त भएमा परिमार्जन गरी उक्त गान स्वीकृत गर्न सकिनेछ ।

६. पालिका गान पेश गर्दा सृजनाकारले अनिवार्य रुपमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

७. पालिका गानको छनौट मूल्याङ्कन समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट गरिनेछ ।

८. सामूहिक रूपमा पेश गरेको पालिका गानलाई मान्यता प्रदान गरिने छैन । पालिका गानको स्वीकृति सम्बन्धी सम्पूर्ण अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

९. स्वीकृत पालिका गानको सर्वाधिकार गाउँपालिकामा रहनेछ र सृजनाकारले अन्यत्र प्रयोग गर्न पाउने छैन।

२०८०/११/०६
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः छनौट समितिको सिफारिसमा गाउँ कार्यपालिकाद्वारा उत्कृष्ट भनी चयन गरी स्वीकृत भएको पालिका गान गाउँपालिकाले आफ्नो पालिका गानको रुपमा प्रयोग गर्नेछ । साथै उक्त स्वीकृत पालिका गानको रचयितालाई रु.३५,०००।-(अक्षरेपि पैंतिस हजार कर सहित) नगद पुरस्कार र प्रशंसापत्र प्रदान गरिनेछ ।*